;

# तामाकोशी गाउँपालिका

# स्थानीय राजपत्र


**तामाकशी गाउँपालिकाद्वारा प्रकाशित**

**वर्ष ७ (असार ३० गते २०८०) अतिरिक्ताङ्क १**


## भाग १

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम तामाकोशी गाउँपालिकाको गाउँसभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ

### सम्बत् २०८० सालको ऐन नं २

तामाकोशी गाउँपालिकाको आ व २०८०।८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन, २०८०

**<u>प्रस्तावना</u>**

तामाकोशी गाउँपालिकाको आर्थिक वर्ष २०८० । २०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा २ बमोजिम तामाकोशी गाउँपालिकाको गाउँसभाले यो विधेयक बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम तामाकोशी गाउँपालिकाको विनियोजन ऐन, २०८० रहेको छ

(२) यो ऐन गाउँसभाबाट स्वीकृत भई अध्यक्षबाट प्रमाणीकरण भएपछि सम्वत् २०८० साल श्रावण १ गतेदेखि लागु हुनेछ ।

**२. आर्थिक वर्ष ०८०।०८१ को निमित्त सञ्चित कोषबाट खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०८०।२०८१ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची (१) मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्था रकम समेत गरी जम्मा रकम रु.७२०३४१४००।- (अक्षरेपी वहत्तर करोड तीन लाख एकचालीस हजार चार सय रुपैयाँ मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक वर्ष २०८०।२०८१ को निमित्त तामाकोशी गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त अनुसूची १ मा उल्लेखभए बमोजिम विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकमान्तर गर्न सक्नेछ । यसरी रकमान्तर गर्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकमान्तर गर्न तथा खर्च गर्न सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तरगत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक श्रोतबाट अर्को श्रोतमा रकम सार्न सकिनेछ ।

३. उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृती लिनु पर्नेछ ।

४. विनियोजन गर्न सकिनेः (१) तामाकोशी गाउँपालिकाको गाउँसभाले आ.ब. ०८०।०८१ को लागि सेवा र कार्यहरुका निमित्त खर्च गर्नको लागि स्वीकृत गरेको रकममध्ये आर्थिक वर्षको अन्त्यमा सम्पूर्ण रुपमा खर्च हुन नसकी बाँकी रहने रकम आ.ब. ०८० । ०८१ को निमित्त गाउँपालिकाको आवश्यकता र प्राथिमकताका योजना तथा कार्यक्रमहरुमा गाउँ कार्यपालिकाले विनियोजन गर्न सक्नेछ । यसरी विनियोजन गरिएको रकम तथा योजनाहरुलाई गाउँसभामा पेश गरी स्वीकृत गराउनु पर्नेछ ।

अनुसूची १

(दफा २ सँग सम्बन्धित)

| क्र सं | अनुदान सं | शिर्षक | चालु खर्च | पूंजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखा | ४०८३२१४०० | ३१२०२०००० | ० | |
| २ | | ऋणको साँवा व्याज भुक्तानी | ० | ० | ० | |
| ३ | | लगानी (शेयर/ऋण) | ० | ० | ० | |
| | | कुल वजेट | ४०८३२१४०० | ३१२०२०००० | ० | ७२०३४१४०० |

आज्ञाले

(बद्री प्रसाद शर्मा वाग्ले)

प्रमुख प्रशासकीय अधिकृत